प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल (पिन)
Progressive Engineers' Association Nepal (PEAN)

को

# प्रस्तावित संसोधित विधान २०८१

## प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल (पिन)

# Progressive Engineers' Association Nepal (PEAN)

# प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल (पिन)
# Progressive Engineers' Association Nepal (PEAN)

को

विधान (२०८१ )

**प्रस्तावना:**

नेपालको सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता र राष्ट्रिय एकतालाई सुदृढ राख्दै, न्याय, समानता, विकास र समृद्धिका लागि नेपाली जनताले लामो समयदेखि संघर्ष, त्याग, र बलिदान गर्दै आएका छन्। नेपाली जनताको अथक परिश्रम र बलिदानको परिणामस्वरूप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ, जसले समाजमा सबै नागरिकलाई समान अवसर र अधिकार प्रदान गर्ने मार्गप्रशस्त गरेको छ। यस गौरवमय अभियानमा प्रगतिशील तथा देशभक्त नेपाली इन्जिनियरहरूको महत्वपूर्ण योगदान रहेको छ, जसले देशको अग्रगामी परिवर्तनलाई सार्थक बनाएको छ।

नेपालको दिगो शान्ति, सुशासन, आर्थिक उन्नति र सामाजिक समृद्धिको आकांक्षा पूरा गर्न इन्जिनियरहरूको भूमिका सदैव महत्वपूर्ण रहँदै आएको छ। देशभक्ति र पेसागत प्रतिबद्धता बोकेका इन्जिनियरहरूले सन् २०४७ मा इन्जिनियरिङ स्टडी ग्रुप त्यसपछी प्रगतिशील तथा पेशागत इन्जिनियर्स एसोसिएसन र नेपाल इन्जिनियरिङ प्रोफेसनल एसोसिएसन (नेपा) बीचको एकताबाट प्रगतिशील तथा पेसागत इन्जिनियर एसोसिएसन नेपाल (पेपान) स्थापना गरेका थिए। यो संगठनले नेपालको आर्थिक तथा सामाजिक विकासका परियोजनाहरूमा संलग्न भई इन्जिनियरहरूको पेशागत मापदण्ड कायम गर्न, नवप्रवर्तनात्मक प्रविधिहरूको प्रयोग गर्न, र राष्ट्रिय स्वाभिमान तथा समृद्धिको लक्ष्यलाई पूरा गर्न निरन्तरता दिएको छ।

संगठनको प्रारम्भिक उद्देश्य भनेकै नेपालभर छरिएर रहेका प्रगतिशील, पेसागत तथा देशभक्त इन्जिनियरहरूलाई एकीकृत गर्दै इन्जिनियरिङ क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनु थियो। मुलुकभरीका इन्जिनियरहरूलाई अझ सुदृढ र संगठित बनाउने र यसलाई विस्तृत रूपमा फैलाउन २०७५ मा प्रोग्रेसिभ इन्जिनियरिङ एसोसिएसन नेपाल (पिन) स्थापना गरिएको थियो। यस संस्थाले इन्जिनियरहरूको प्रगतिशील दृष्टिकोणलाई आत्मसात गर्दै राष्ट्रिय विकासमा योगदान पुर्याउने विभिन्न कार्यहरूमा संलग्न हुँदै आएको छ।

समृद्ध नेपाल र सुखी नेपालीको आकांक्षा पूरा गर्न देशमा रहेका वैज्ञानिक, आर्थिक, सामाजिक, तथा प्राविधिक सम्भावनाहरूको व्यापक अध्ययन, अनुसन्धान र खोजकार्यहरूमा नेपाली इन्जिनियरहरूको भूमिका अझ व्यापक र प्रभावकारी बनाउन आवश्यक महसुस गर्दै, प्रोग्रेसिभ इन्जिनियरिङ एसोसिएसन नेपाल (पिन) को विधान २०७८ लाई समयानुकूल संशोधन गरिएको छ। यस संशोधित विधान २०८१ मार्फत, पिनले इन्जिनियरहरूको भूमिका र जिम्मेवारीलाई नयाँ ढंगले परिभाषित गर्दै समृद्ध नेपालको सपना साकार गर्न इन्जिनियरहरूलाई संगठित र सशक्त बनाउने उद्देश्यमा एक कदम अगाडि बढेको छ।

यो संशोधनले इन्जिनियरहरूको व्यावसायिकता, नवीनता र राष्ट्रिय सेवामा समर्पणलाई प्रोत्साहन गर्दै संस्थालाई अझ सुदृढ र प्रभावकारी बनाउने आधार निर्माण गरेको छ। यस विधानले नेपालमा भएका प्राविधिक, आर्थिक, सामाजिक तथा अन्य विविध सम्भावनाहरूलाई उपयोग गरी, देशको दिगो विकास र शान्तिको यात्रालाई अझ द्रुत, समावेशी, र सबल बनाउन मद्दत पुर्याउने अपेक्षा गरिएको छ।

## परिच्छेद- १
## नाम र प्रारम्भ

**धारा १ संक्षिप्त** नाम

यस पेसागत संगठनको नाम “प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल” रहनेछ । अंग्रेजीमा यसलाई “Progressive Engineers’ Association Nepal” भनिनेछ । यसलाई छोटकरीमा नेपालीमा “पिन” र अंग्रेजीमा “PEAN” भनिनेछ ।

**धारा २ प्रारम्भ:**

यो विधान प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल (पिन)को प्रथम विधान अधिबेशनबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ।

**धारा ३ साझा संगठन हुने:**

प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल, नेपाल भित्र वा प्रवासमा रही इन्जिनियरिङ पेसा ब्यवसाय गरिरहेका प्रगतिशील तथा पेशागत वैचारिक दृष्टिकोणलाई समर्थन गर्ने नेपाली इन्जिनियरहरूको साझा पेसागत संगठन हुनेछ ।

**धारा ४ कार्यालय:**

प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल, कमिटिको कार्यालय काठमाण्डौ उपत्यकामा रहने छ । भौगोलिक कमिटिको सम्बन्धित भुगोल भित्र र गैर भौगोलिक कमिटिको काठमाण्डौ उपत्यका भित्र कार्यालय रहने छन् ।

**धारा ५ प्रतिक चिन्ह:**

संगठनको प्रतिक चिन्ह अनुसुची १ मा उल्लेख भए वमोजिंमको हुनेछ ।

**धारा ६ संगठित संस्था हुने:**

क) यो “प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल” एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ ।

ख) यस एसोसिएसनको काम कारवाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

ग) यस एसोसिएसनले व्यक्ति सरह चल (अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

घ) यस एसोसिएसनले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र एशोसिएसन उपर पनि सोही बमोजिम नालिस उजुर लाग्न सक्नेछ ।

**परिच्छेद २**

**परिभाषा**

**धारा ७ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:**

(क) "विधान" भन्नाले प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन, नेपालको विधान २०८१ लाई सम्झनु पर्दछ ।

(ख) "संगठन" भन्नाले प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन,नेपाल लाई जनाउँदछ।

(ग) "कमिटि" भन्नाले यस विधान बमोजिम गठित केन्द्रीय, प्रदेश, जिल्ला, स्थानीय, विशेष इकाईका कमिटिलाई जनाउँदछ।

(घ) "अधिबेशन" भन्नाले यस विधान बमोजिम बसेको राष्ट्रिय अधिबेशन र विशेष अधिबेशन , प्रदेश, जिल्ला, स्थानीय र इकाई अधिबेशन लाई समेत जनाउँदछ ।

(ङ) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियम लाई जनाउछ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) "पदाधिकारी"भन्नाले सबै तहका कमिटिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिब, सचिव,सह-सचिव र कोषाध्यक्षलाई जनाउनेछ।

(ज) "सदस्य" भन्नाले सबै तहका कमिटिका सदस्यलाई जनाउँदछ।

(झ) "साधारण सदस्य" भन्नाले यस विधान बमोजिम सदस्यता प्राप्त गरेका इन्जिनियरहरू लाई जनाउँदछ।

(ञ) "कार्यालय" भन्नाले संगठनको केन्द्रीय, प्रदेश, जिल्ला, स्थानीय र इकाई कार्यालयहरूलाई जनाउँदछ।

(ट) "नियमावली" भन्नाले यस विधान अन्तर्गत वन्ने नियमावलीलाई जनाउँदछ।

(ठ) "इन्जिनियर" भन्नाले इन्जिनियरिङ सेवा अन्तर्गत विभिन्न बिधाका समूह, उपसमूह मध्ये कुनै एकमा मान्यता प्राप्त शिक्षण संस्थाहरूबाट स्नातक तह उत्तीर्ण गरि नेपाल इन्जिनियरिङ परिषद्बाट प्रमाणपत्र प्राप्त देखि इन्जिनियरिङमा सर्बोच्च डिग्रि हासिल गरी संबन्धित पेसा गरिरहेका र विधानलाई नि:सर्त स्वीकार गरेका इन्जिनियर जनशक्ति लाई जनाउँदछ।

(ड) "कोष" भन्नाले धारा २३ बमोजिम खडा हुने कोषलाई जनाउँदछ।

(ढ) "आर्थिक वर्ष" भन्नाले नेपाल सरकारको आर्थिक वर्षलाई जनाउनेछ।

**परिच्छेद- ३**

**उद्देश्य**

**धारा ८ संगठनको उद्देश्य:** संगठनको उद्देश्य देहाय वमोजिम हुनेछ:

(क) इन्जिनियरहरूको संगठन निर्माण: एउटा पेशागत संगठनको रुपमा कृयाशील हुँदै नेपालका सम्पूर्ण देशभक्त, प्रगतिशील तथा पेशागत ईन्जिनियरहरूलाई संगठित गर्ने।

(ख) समाजवादी वैचारिक दिशामा योगदान: समाजवादी सोचलाई कार्यान्वयनमा ल्याउन सहयोग पुर्याउँदै दिगो विकास र समतामूलक प्रणालीलाई बल पुर्याउने।

(ग) राष्ट्रिय विकासमा समर्थन: राज्यलाई समग्र विकासको एजेण्डा तयार पार्न तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।

(घ) नीतिगत अनुसन्धान (Policy Research): देशको समग्र विकासका लागि योजना र रणनीति तर्जुमा गर्न आवश्यक नीतिगत अनुसन्धान र विश्लेषण गर्ने।

(ङ) पेशागत अधिकार र आचरणको संरक्षण: इन्जिनियरहरूको हकहित, पेशागत मर्यादा र आचारणलाई प्राथमिकता दिई यसको कार्यान्वयन सुनिश्चित गर्ने।

(च) जनताको सहभागिता र स्वामित्व: विकास प्रक्रियामा जनताको सहभागिता र स्वामित्व सुनिश्चित गर्न सहभागितामूलक क्रियात्मक अध्ययन र अनुसन्धान गर्ने।

(छ) शैक्षिक र पेशागत विकास: विज्ञान, इन्जिनियरिङ प्रविधि र राष्ट्रिय विकाससँग सम्बन्धित विषयमा तालिम र कार्यशालाहरू सञ्चालन गर्ने।

(ज) अनुभव आदानप्रदान र समावेशिता: सदस्यहरू बीच अनुभवको आदानप्रदान गरी महिला, दलित र नवोदित इन्जिनियरहरूको प्रवर्द्धन र संरक्षणमा जोड दिने।

(झ) नागरिक सचेतना र जागरूकता: राष्ट्रिय हितलाई असर पार्न सक्ने समसामयिक मुद्दामा समाजलाई सचेत गराउन प्रकाशन र गोष्ठीहरू आयोजना गर्ने।

(ञ) राष्ट्रिय हितमा वकालत: राष्ट्रिय विकास र समृद्धिको लागि उचित मुद्दाहरूमा वकालत गर्दै राष्ट्रिय हितको संरक्षण गर्ने।

(ट) राष्ट्रिय एकता र स्वाधीनताको प्रवर्द्धन: भौगोलिक अखण्डता र सार्वभौमसत्तालाई सशक्त बनाउने तथा विदेशी हस्तक्षेपको विरोधमा कार्य गर्ने।

(ठ) अन्तर्राष्ट्रिय सहकार्य: समान उद्देश्य भएका अन्तर्राष्ट्रिय संगठनहरूसँग सहकार्य गर्ने।

(ड) पेशागत सहकार्य: इन्जिनियरिङ संगठनहरू र सरकारी निकायहरूबीच सुसम्बन्ध कायम गर्न प्रयास गर्ने।

(ढ) संवैधानिक र कानूनी अधिकारको संरक्षण: पेशागत अधिकारको संरक्षण, सामूहिक कार्यको अधिकार, र कानूनी संरचनाहरूको समर्थनमा वार्ता र सहकार्य गर्ने।

(ण) बिकृति उन्मूलन र न्यायको वकालत: इन्जिनियरिङ क्षेत्रमा सम्भावित विकृति र अन्यायको विरुद्धमा न्यायको पक्षमा वकालत गर्दै जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

(त) स्थानीय प्राविधिक समाधानहरू विकास गर्ने: देशको प्राविधिक आत्मनिर्भरतालाई प्रवर्द्धन गर्न स्थानीय स्रोतको उपयोगमा आधारित समाधानहरू विकास गर्ने।

(थ) ग्रामीण विकासमा योगदान: ग्रामीण क्षेत्रमा पूर्वाधार, कृषि, र ऊर्जा सेवाहरूको पहुँचलाई प्रवर्द्धन गर्ने।

(द ) नवप्रवर्तन र प्रविधि हस्तान्तरणमा सहयोग: नयाँ प्रविधि प्रवर्द्धन गर्दै, स्टार्टअपहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने।

**धारा ९ संगठनको उद्देश्य प्राप्त गर्न गरिने कामहरू:**

(क) नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति, ईजाजत वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो अनुमति, ईजाजत वा स्वीकृति प्राप्त गरिमात्र आफ्ना उद्देश्यहरू कार्यान्वय गर्ने।

(ख) संगठनलाई आवश्यक पर्ने जमिन खरिद गर्ने,भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्यूटर, टेलिफोन, फ्याक्स,फर्निचर जस्ता कार्यालयका सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने।

(ग) संगठनलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवा शर्तहरू निर्धारण गर्ने ।

(घ) शुल्क तथा सहयोग वापत संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरि बैंक खाता सन्चालन गर्ने ।

(ङ) देशभरका इन्जिनियरहरूलाई संगठनमा समेट्न सदस्यता अभियान चलाउने र संगठनको नेटवर्कलाई बलियो बनाउन शाखा कार्यालयहरूको स्थापना गर्ने।

(च) राष्ट्रिय विकासको लागि आवश्यक नीति निर्माण र सुधारमा राज्यका सम्बन्धित निकायलाई समयसापेक्ष सुझाव र सिफारिसहरू प्रस्तुत गर्ने।

(छ ) विदेशमा कार्यरत नेपाली इन्जिनियरहरूको नेटवर्कलाई सुदृढ गर्दै संगठनको गतिविधिमा सहभागी गराउने।

## परिच्छेद - ४
## सदस्यता

**धारा १० सदस्यताको प्राप्ति र वर्गीकरण:** यस संगठनमा देहाय बमोजिमका सदस्यहरू रहने छन्

(क) साधारण सदस्यः यस विधानको प्रस्तावना र उद्देश्यलाई स्वीकार गरी धारा ११ बमोजिम योग्यता पुगेका ईन्जिनियरहरूले अनुसूचि २ बमोजिमको आवेदन भरी तोकिएको प्रकृया पूरा गरि तोकिएको दस्तुर बुझाई कमिटिको निर्णयबाट विधान बमोजिम संगठनको साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

(ख) मानार्थ सदस्यः राष्ट्रिय तथा अन्तराष्ट्रिय समुदायका प्राविधिक क्षेत्रमा विशिष्ट योगदान गरेका र प्रगतिशील बिचार र आन्दोलन प्रति अविछिन्न आस्थावान व्यक्तिहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग )आजीवन सदस्य:साधारण सदस्यले संगठनलाई दीर्घकालसम्म समर्थन पुर्याउँदै, आजीवन सदस्य बन्न चाहेमा संगठनले तोकेको शुल्क बुझाई आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन्।आजीवन सदस्यहरूले संगठनका स्थायी गतिविधिमा दीर्घकालीन र सक्रिय योगदान दिन सक्नेछन्।

**धारा ११ सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:**

(१) यस संगठनको साधारण सदस्य प्राप्तिको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:

(क) नेपाली नागरिक भएको ।

(ख) इन्जिनियरिङ सेवा अन्तर्गत विभिन्न बिधाका समूह उपसमूह मध्ये कुनै एकमा मान्यता प्राप्त शिक्षण संस्थाहरूबाट स्नातक तह उत्तीर्ण गरि नेपाल इन्जिनियरिङ परिषद् प्रमाणपत्र प्राप्त देखि इन्जिनियरिङमा सर्बोच्च डिग्रि हासिल गरेकाहरू भएको ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतनदेखिने फौजदारी अभियोगमा सजाय नपाएको।

(च) प्रगतिशील आचरण भएको हुनुपर्नेछ ।

(छ ) नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्यता लिएको।

(२) उपधारा १ बमोजिमको योग्यता पुगेको व्यक्तिले यस विधानको धारा १० को उपधारा (१) बमोजिम यस संगठनको सदस्य हुन चाहने व्यक्तिले संगठनको कमिटि समक्ष अनुसूचि २ बमोजिमको ढांचामा निवेदन दिनुपर्नेछ। निजलाई संगठनको सदस्यता प्रदान गर्ने वा नगर्ने अधिकार कमिटिलाई हुनेछ।

(३) संगठनको सदस्यता खारेजी तथा कायम रहन नसक्ने अवस्था :

(क) नेपाली नागरिक कायम नरहेमा ।

(ख) मृत्यु भएमा ।

(ग) आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) मानसिक सन्तुलन गुमाएमा ।

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेमा ।

(च) स्वेच्छाले सदस्यता त्याग गरेमा ।

(छ) २ बर्ष सम्म सदस्यता नविकरण नगरेमा ।

(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

(झ) परिभाषाको (घ) मा उल्लेखित “अधिवेशन” को दुई तिहाई वा “राष्ट्रिय अधिवेशन” को दुई तिहाई ले हटाउने प्रस्ताव पारित गरेमा।

(□) संगठनको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा।

(ट) संगठनको सिद्धान्त, प्रस्तावना, उद्देश्य, निर्णय वा आचार संहिता विरुद्ध कार्य गरेको केन्द्रीय कमिटिले ठहर गरेमा।

(ठ) यस विधान बमोजिम संगठनले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

(ड) संगठन विघटन भै खारेज भएमा ।

(ढ) निजको शैक्षिक योग्यता नक्कली ठहर भएमा ।

(ण) केन्द्रीय कमिटिको पदाधिकारी वा सदस्य अन्य बैचारिक रुपमा समान धारणा भएका अन्य जनसंगठनको पदाधिकारी रहन गएमा यस संगठनको कमिटिमा सदस्य रहने छैन्।

(त) नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्यता नवीकरण नगरेमा।

(४) सफाईको मौका दिइनुपर्ने :कुनै साधारण सदस्यलाई संगठनको सदस्यता कायम रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई, सफाई पेश गर्ने मौका दिनुपर्नेछ । यस अनुसार कार्वाही गरिएको सदस्यले आफ्नो कसुर स्वीकार गरि आचरण सुधारेमा पुनः साधारण सदस्यता प्रदान गर्न सकिनेछ । तर २ बर्ष सम्म पदाधिकारी हुन पाईने छैन ।

**धारा १२ सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि:**

(१) यस विधानको धारा ११(१) बमोजिम सदस्यता लिन चाहने व्यक्तिले कमिटिले तोकेको शुल्क कमिटिमा बुझाई कमिटिको निर्णय बमोजिम संगठनको सदस्यता प्राप्त गर्न सक्नेछन् । हालको लागि निम्न अनुसारको न्यूनतम शुल्क निर्धारण गरिएको छ र कमिटिको निर्णय बमोजिम संगठनको सदस्यता प्राप्त गर्न सक्नेछन् -

(क) प्रवेश शुल्क वापत रु ५००□-

(ख) मासिक सदस्यता नविकरण शुल्क वापत रु १००।–

(ग ) आजीवन सदस्यता शुल्क वापत रु ५००० /-

(ग) कमिटिले तोकेको अन्य कुनै दस्तुर भए सो समेत ।

## परिच्छेद -५

## संगठनात्मक सिद्धान्त र ढाँचा

**धारा १३ संगठनात्मक ढाँचा:**

संगठनको संगठनात्मक ढाँचा देहाय वमोजिंमको हुनेछ ।

(क) राष्ट्रिय अधिबेशन, केन्द्रीय कमिटि, केन्द्रिय सचिवालय, केन्द्रिय पदाधिकरि र केन्द्रिय आयोगहरु (अनुशासन, लेखा , निर्वाचन,अध्ययन तथा अनुसन्धान आयोग ) रहनेछन् ।

(ख) प्रादेशिक अधिबेशन र प्रादेशिक कमिटि, विश्व विद्यालय (वि.वि.) कमिटि र विश्व विद्यालय कमिटि, निजामती तथा संस्थान अधिबेशन, निजामती तथा संस्थान कमिटि

(ग) जिल्ला अधिबेशन र जिल्ला कमिटि, क्याम्पस / निजामती / संस्थान / इकाई अधिबेशन र सो का कमिटि

(घ) स्थानीय अधिबेशन र स्थानीय कमिटि

## परिच्छेद -६
## अधिबेशन, कमिटि तथा वैठक

**धारा १४. राष्ट्रिय अधिबेशन :**

(क) राष्ट्रिय अधिबेशन संगठनको सर्वोच्च नेतृत्वदायी निकाय हुनेछ ।

(ख) राष्ट्रिय अधिबेशन प्रत्येक २ वर्षमा हुनेछ । विशेष परिस्थितिमा एक बर्ष थप गर्न सकिने छ ।

(ग) कुल अधिबेशन प्रतिनिधि सदस्यको एक तिहाई सदस्यहरूले सामूहिक रुपमा कारण जनाई विशेष अधिबेशन बोलाउन कमिटिमा लिखित निवेदन मार्फत माग गरेको अवस्थामा कमिटिले अनिवार्य रुपमा कम्तिमा ३ महिना भित्रमा विशेष राष्ट्रिय अधिबेशन बोलाउनु पर्नेछ । एक वर्षमा एक पटकमात्र विशेष अधिबेशन बोलाउन सकिनेछ । यस संगठनको कमिटिले बनाएको विधि बमोजिम चुनिएका प्रतिनिधि तथा पर्यवेक्षकहरूले अधिबेशनमा भाग लिनेछन् ।

(घ) राष्ट्रिय अधिबेशन भन्दा अगाडी स्थानीय ,इकाई, जिल्ला तथा प्रादेशिक अधिबेशनहरू सम्पन्न भएको हुनुपर्नेछ ।अधिबेशन क्रमागत रुपमा स्थानीय कमिटि , इकाई कमिटि , जिल्ला कमिटि ,प्रदेश कमिटि र केन्द्रीय कमिटिको हुनुपर्नेछ ।

(ङ) राष्ट्रिय अधिबेशनमा प्रतिनिधिको व्यवस्था निम्न वमोजिंम हुनेछ ।

१ ) केन्द्रिय कमिटिका पदाधिकारी र सदस्यहरू, केन्द्रिय आयोगका पदाधिकारि तथा सदस्यहरु ।

२) प्रत्येक प्रादेशिक कमिटि बाट २ जना महिला सहित ५ जना ।

३) प्रत्येक जिल्ला कमिटिबाट एक जना महिला सहित ३ जना । १०० जनाभन्दा बढी साधारण सदस्य भएको खन्डमा केन्द्रीय कमिटिबाट सदस्य सङ्ख्या रुजु गराई, थप प्रत्येक १०० संगठीत सदस्य बराबर १ महिला सहित ३ जना ।

४) प्रत्येक केन्द्रीय बिभागबाट, बिभागको निर्णय अनुसार एक जना ।

५) प्रत्येक वि.वि. तथा निजामती तथा संस्थान कमिटि बाट २ महिला सहित ५ जना ।

६) प्रत्येक क्याम्पस / निजामती / संस्थान / इकाईबाट जिल्ला कमिटि सरह सदस्य हुनेछ| सो कमिटि सम्बन्धित प्रदेश कमिटिबाट प्रमाणित गरि केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्ने छ|

७) केन्द्रीय कमिटिले राष्ट्रिय अधिबेशनको लागि सम्पूर्ण प्रतिनिधीको १०% सम्म मनोनित गर्न सक्नेछ ।

८) पर्यवेक्षकको संख्या र त्यस्को छनौट प्रकृया केन्द्रीय कमिटिले तोके वमोजिंम हुनेछ । पर्यवेक्षकको मताधिकार हुने छैन ।

(घ) राष्ट्रिय अधिबेशनको काम, कर्तव्य र अधिकार देहाए वमोजिंम हुनेछ ।

१) संगठनको प्रतिवेदन, प्रस्ताव, नीति तथा कार्यक्रम पारित गर्ने ।

२) दुई तिहाइ बहुमतले संगठनको विधान संशोधन गर्ने ।

३) अघिल्लो राष्ट्रिय अधिबेशन पश्चात कमिटिले गरेको कामको सिंहावलोकन गर्ने र पारित गर्ने ।

४) धारा १५  वमोजिंम कमिटिको पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

५) अधिबेशनबाट पारित एजेण्डा र निर्णयहरू माइन्युट बुकमा अभिलेख गर्ने ।

(ङ) राष्ट्रिय अधिबेशन मा पेश गरिने विषयहरुः

१) वाषिर्क नीति, कार्यक्रम र संगठनिक प्रतिवेदन

२) संगठनको लेखापरीक्षण सहित कोषाध्यक्षको प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

३) विधान संशोधन,विधान अन्तर्गत बनाइने विनियमहरू

४) सदस्यताबाट निष्काशन गरे वापतको पुनरावेदन

५) विदेशी एंव अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्पर्क बढाउने विषयहरू

६) अन्य आवश्यक ठानिएका विषयहरू

(छ) इकाई अधिबेशनको काम कर्तव्य र अधिकारः

१) इकाई कमिटिको प्रस्ताव र प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

२) संगठनको लेखापरिक्षण सहित कोषाध्यक्षको प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

३) इकाई कमिटिको चयन गर्ने ।

४) अधिबेशनबाट पारित एजेण्डा र निर्णयहरू माइन्युट बुकमा अभिलेख गर्ने ।

**धारा १५ केन्द्रीय, प्रादेशिक, इकाई कमिटिको गठनः**

राष्ट्रिय अधिबेशनको अवधि वाहेकको अन्य अवधिमा एशोशियसनको सर्वोच्च नेतृत्वदायी निकाय केन्द्रीय कमिटि हुनेछ। केन्द्रीय कमिटि राष्ट्रिय अधिबेशन प्रति उत्तरदायी हुनेछ।

१) संगठनको केन्द्रीय कमिटि ९९ सदस्यीय हुनेछ र देहाय बमोजिम निर्वाचित र मनोनित हुनेछन् ।

(क) केन्द्रीय कमिटि (९ पदाधिकारी,एक तिहाई सचिवालय सहित )

| **कमिटि** | **संख्या (पदहरू)** |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | २ (एक महिला अनिवार्य) |
| महासचिव | १ |
| उप-महासचिव | १ |
| सचिव | ४ |
| निबर्तमान अध्यक्ष | १ |
| सचिवालय | |
| **सदस्यहरुः** | |
| **९ प्रदेश बाट** | **२१ ( प्रत्येक प्रदेश बाट २ पु. १ महिला)** |
| निजामती प्रदेशबाट | ३ (२ पु. १ म.) |
| बिश्वबिध्यालय प्रदेशबाट | ३ ( पु-२, म-१) |
| खुल्ला (राष्ट्रिय अधिबेशनबाट निर्वाचित) | २९ |
| महिला | १३ |
| जनजाति | ३ (पु-२ , म-१) |
| मधेशी | ३ (पु-२ , म-१ |
| खस आर्य | ३ ( पु-२ , म-१) |
| दलित | २ (पु. १ म. १ ) |
| अन्य (मुस्लिम, पिछडावर्ग, पिछडीएको वर्ग, अपाङ्ग) | ३ (पु. २ , म. १ अनिवार्य ) |
| केन्द्रीय कमिटिबाट मनोनित | (६ जना ) |

- प्रदेश अध्यक्ष (आमन्त्रित केन्दीय सदस्य) रहनेछन् ।
- केन्द्रिय आयोगका अध्यक्षहरु आमन्त्रित केन्द्रिय पदाधिकारि सरह र आयोगका पदाधिकरिहरु आमन्त्रित केन्द्रिय सचिवालय सरह र आयोगका सदस्यहरु आमन्त्रित केन्द्रिय सदस्य सरह रहनेछन ।
- पदाधिकारीहरू चयन गर्दा समाबेसी प्रतिनिधित्व हुने गरि गर्नुपर्नेछ ।

मनोनित गर्दा अल्पसंख्यक, शहिद तथा वेपत्ता परिवार र इन्जिनियरिङ क्षेत्रमा विशेष योगदान गरेका व्यक्तिहरूको प्रतिनिधित्वलाई समेत ध्यानमा राखेर ६ (दुई जना महिला सहित) जना सदस्यहरू अध्यक्षले प्रस्ताब गर्ने र केन्द्रीय कमिटिले अनुमोदन गर्नेछ ।

२) केन्द्रीय कमिटिको कार्यकाल दुई  वर्षको हुनेछ तर विषेश परिस्थितिमा मात्र केन्द्रीय कमिटिले बढिमा १ बर्षभित्र अधिबेशन गरी नया कमिटि चयन गरिसक्नु पर्नेछ ।

३) केन्द्रीय अध्यक्षको उम्मेदवार हुन कम्तिमा एकपटक पदाधिकारी रहेको हुनु पर्नेछ |

४) पदाधिकारीको उम्मेदवार हुन कम्तिमा एक पटक केन्द्रीय सदस्यमा रहेको हुनु पर्नेछ |

५) माथिल्लो कमिटिमा उम्मेदवार बन्नको लागी तल्लो कमिटिमा भएमा रहेको भए अनिवार्य रुपमा राजिनामा दिएको हुनु पर्नेछ |

६) राष्ट्रिय अधिबेशन हुनुभन्दा अगावै कमिटिमा रहेको कुनै पदाधिकारी पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कमिटिले सोही वर्ग र क्षेत्रको प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यबाट मनोनयन गर्नेछ तथा सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि अध्यक्षको प्रस्तावमा कमिटिले सोही वर्ग र क्षेत्रबाट मनोनयन गर्नेछ । त्यसरी मनोनित भएका पदाधिकारी तथा सदस्यको कार्यकाल जुन पदाधिकारी वा सदस्यको पद रिक्त भएको हो, सो पदाधिकारी वा सदस्यको वाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ ।

७) केन्द्रिय कमिटिको वैठक प्रत्येक ३ महिनामा कम्तिमा एक पटक वस्नेछ। वैठक अध्यक्षको निर्देशनमा महासचिवले बोलाउने छ । तर कमिटिको २५ % सदस्यले वैठक बोलाउन माग गरेमा अध्यक्षको निर्देशनमा महासचिवले ७ दिन भित्र वैठक बोलाउनु पर्नेछ।

८) कमिटिका पदाधिकारी तथा सदस्यहरूको कूल संख्याको ५१ % उपस्थित नभई कमिटिको वैठक वस्ने छैन।

९) कमिटिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा वैठकमा उपस्थित भएका सदस्यहरू  मध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

१०) कमिटिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र अध्यक्षलाई मत बराबर भएको अवस्थामा मात्र निर्णयक मत दिने अधिकार रहनेछ।

११) कमिटिको छुट्टै निर्णय पुस्तिका राखिने छ।

१२) कुनै केन्द्रीय कमिटि सदस्य लगातार २ पटक सम्म केन्द्रीय कमिटि बैठकमा अनुपस्थित रहे स्पस्टिकरण सोधिनेछ स्पस्टिकरण चित्त बुझ्ने नआएको अवस्थामा निलम्बन गरिनेछ।

१३) यो विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संगठनले गर्ने भनिएका सम्पूर्ण नियमित कार्यहरू पदाधिकारी बैठक / सचिवालयबाट निर्णय भई केन्द्रीय  कमिटिको वैठकबाट अनुमोदन हुनु पर्नेछ|

१४) बैठक प्रक्रियाका सम्बन्धमा माथि जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्रीय कमिटि / सचिवालयले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कमिटिका सबै पदाधिकारी तथा सदस्यहरू लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई केन्द्रीय कमिटि / सचिवालयको बैठकको निर्णय सरह मानिनेछ ।

१५) केन्द्रीय कमिटि अन्तर्गत तपसिल अनुसारका विभागहरू रहनेछन् । आवश्यकता अनुसार बिभागहरू थपघट हुनसक्नेछन् ।

(क) संगठन विभागः सांगठनिक कार्यहरूलाई व्यवस्थित गर्न ।

(ख) विदेश विभागः वैदेशिक सम्पर्क तथा भाईचारा सम्बन्ध विस्तार सम्बन्धी कार्य गर्न ।

(ग) नीति तथा अनुसन्धान विभागः विद्यमान नीति र नयाँ नीतिहरूका अध्ययन अनुसन्धानका साथै परामर्श सेवा सम्बन्धी कार्य गर्न ।

(घ) केन्द्रीय कार्यालय विभाग :केन्द्रिय संगठन सँग सम्बन्धित दैनिक कार्य सञ्चालन र  प्रादेशिक कमिटि तथा जिल्ला कार्यकारी कमिटिसँग समन्वय गर्न ।

(ङ) प्रकाशन तथा प्रचार प्रसार विभागः संगठनसँग सम्बन्धित कार्यहरूको प्रचार प्रसार गर्न ।

(च) महिला विभागः महिला इन्जिनियरको कार्यहरूको प्रोत्साहन र संगठित गर्न ।

(छ) युवा विभागः युवा इन्जिनियरहरूको प्रोत्साहन तथा सृजनात्मक एवं सृजनशील आयमूलक कार्य तथा स्वयम् सेवाको भावना अभिबृद्धि गर्न ।

- सबै विभागको विभागीय प्रमुखमा पदाधिकारीहरू हुनेछन् भने उप प्रमूखमा केन्द्रीय कमिटिले सदस्यहरू मध्यबाट विज्ञताको हिसाबले मनोनयन गर्नेछ ।
- विभागीय सदस्यहरूको संख्या बढीमा ७-११ सम्मको हुनेछ ।
- विभागीय सदस्यहरूको चयन बिभागीय प्रमुखको सिफारिसमा केन्द्रीय कमिटिले गर्नेछ। विभागहरू केन्द्रीय कमिटि प्रति उत्तरदायी रहनेछन् ।

१६) केन्द्रीय कमिटिको काम, कर्तव्य र अधिकारः

(क) राष्ट्रिय अधिबेशन ले पारित गरेको विधानको अधीनमा रही उद्देश्य र कार्यक्रम अनुरूप कार्य गर्दै त्यसलाई लागु गर्ने ।

(ख) मातहतका कमिटिको संचालन, नियन्त्रण र नेतृत्व प्रदान गर्ने,

(ग) आवश्यकता अनुसार विभिन्न आयोग, कमिटि,कार्यदलको गठन गर्ने र काम,कर्तव्य अधिकार तोकि दिने ।

(घ) विधानको व्याख्या गर्ने अधिकार ।

(ङ) पेशागत हकहितका कार्यहरु गर्ने ।

(च ) खोज तथा अनुसन्धान सम्बन्धि कार्यको नेतृत्व गर्ने ।

**धारा १६. प्रदेश अधिबेशन**:

प्रत्येक प्रदेश भरिका साधारण सदस्यहरूको सहभागिता प्रदेश अधिबेशन हुनेछ । प्रदेश अधिबेशन प्रत्येक २ वर्षमा हुनेछ।

प्रदेश अधिबेशनको काम कर्तव्य र अधिकारः

(क) प्रदेश कमिटिको प्रस्ताव र प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

(ख) संगठनको लेखापरिक्षण सहित कोषाध्यक्षको प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

(□) प्रदेश कमिटिको चयन गर्ने ।

(घ) जिल्ला कमिटिलाई आवश्यक निर्देशन दिने ।

(ङ) अधिबेशनबाट पारित एजेण्डा र निर्णयहरू माइन्युट बुकमा अभिलेख गर्ने ।

(च) आफ्नो प्रदेशभित्रका जिल्ला कमिटिको बीचमा समन्वय गर्ने।

(छ) आवश्यकता अनुसार प्रदेश,गोष्ठी,कार्यशाला,तालिम प्रशिक्षण आदि कार्यक्रमको आयोजना गर्ने।

(ज) केन्द्रीय कमिटिबाट पारित नीति कार्यक्रम र निर्देशनलाई कार्यान्वयन गर्न केन्द्रीय कमिटिलाई आवश्यक सल्लाह र सुझाव दिने ।

(झ) मातहतका कमिटिको कामको अनुगमन एवं सुपरिवेक्षण गर्ने ।

(ञ) पेशागत हकहितकालागि सामूहिक सौदाबाजी गर्ने ।

(ट) अन्य आवश्यकता अनुसारको कार्य गर्ने ।

(ठ) केन्द्रीय कमिटिको पदावधि सकिनु अगाबै कमिटिले तोकेको मिति र समयमा प्रदेश अधिबेशनहरू हुनेछन् ।

प्रदेशको अधिवेशनमा देहायका विषयहरू पेश गरिनेछन्

१) वार्षिक नीति, कार्यक्रम र संगठनिक प्रतिवेदन

२) संगठनको लेखापरीक्षण सहित कोषाध्यक्षको प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

३) अन्य आवश्यक ठानिएका विषयहरू

प्रदेश अधिबेशनमा प्रतिनिधिको ब्यवस्था निम्नानुसार हुनेछ ।

क. निबर्तमान प्रदेश कमिटिका पदाधिकारी र सदस्यहरू ।

ख. प्रत्येक जिल्ला कमिटिबाट १ जना महिला सहित ३ जना

घ. प्रत्येक प्रदेश कमिटिबाट मनोनित ......... जना

ङ. .... जना भन्दा बढि संगठित सदस्य भएको खण्डमा प्रदेश कमिटिबाट रुजु गराई प्रत्येक ........ जनाबाट ........ महिला सहित ........ जना थप प्रतिनिधित्व गराउनु पर्ने ।

च. प्रत्येक इकाई कमिटिबाट जिल्ला कमिटि सरह प्रतिनिधित्व रहनेछन्|

**धारा १७ प्रदेश कमिटि**

**(१) प्रदेश अधिवेशनले ९-१९ सदस्यीय कमिटिको चयन गर्ने छ ।**

क) प्रदेश कमिटिमा देहाय बमोजिमको पदाधिकारीहरू रहनेछन् ।

| | |
|---|---|
| अध्यक्ष- | १ |
| उपाध्यक्ष - | १ |
| सचिव - | १ |
| सहसचिव- | १ |
| कोषाध्यक्ष - | १ |
| सदस्य - | ४-१४ |

वि.वि. कमिटि र निजामती तथा संस्थान कमिटिहरूको प्रादेशिक कमिटि सरह मान्यता हुनेछ ।

**(२) जिल्ला अधिबेशन:**

(क) प्रत्येक २ (दुई) वर्षमा एक पटक जिल्ला अधिबेशनको आयोजना गरिनेछ ।

(ख) अधिबेशनमा जिल्लामा कार्यरत सम्पूर्ण सदस्यहरूको प्रतिनिधित्व रहनेछ ।

(ग) अधिबेशन देहायबमोजिम हुनेछः

(अ) कमिटिको पदावधि सकिने अन्तिम वर्ष कमिटिले तोकेको मिति र समयमा जिल्ला अधिबेशन हुंनेछ ।

(आ) अधिबेशन हुने मिति, समय, स्थान र छलफलका विषयवस्तुहरू खोली जिल्ला कमिटिले कम्तीमा १५ दिन अगावै सम्बन्धित सदस्यहरूलाई सूचना दिनुपर्नेछ ।

(ङ) अधिबेशन प्रतिनिधिहरूमध्ये ५१ % सदस्य उपस्थित भएमा अधिबेशनको गणपूरक संख्या पुगेको मानिनेछ । कुनै पनि प्रस्ताव बहुमत द्धारा पारित गरिनेछ ।

(घ) जिल्ला अधिबेशनको काम-कर्तव्य र अधिकारः

(क) जिल्लाको समग्र काम कारवाहीको मूल्यांकन गर्ने तथा भावी रणनीति र योजना तयार पार्ने ।

(ख) जिल्ला कमिटिलाई निर्देशन गर्ने ।

(ग) जिल्ला कमिटिको निर्वाचन गर्ने ।

(घ) यस विधान अन्तरगत रही अन्य आवश्यक कार्य गर्ने ।

**(३) जिल्ला कमिटिको गठनः**

(क) प्रत्येक जिल्ला अधिबेशनका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारी र सदस्यहरू तथा निवर्तमान अध्यक्ष समेत रहने गरि बढीमा ५–११ सदस्यीय जिल्ला कमिटि गठन गर्न सकिने छ । कमिटिको संरचना निम्न अनुसार हुनेछ ।

| सदस्य संख्या | पदाधिकारी |
|---|---|
| ४ | ३ (अध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१, साधारण सदस्य संख्या कम्तिमा २० जना हुनुपर्ने ) |
| ७ - ९ | ३ (अध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१, साधारण सदस्य संख्या कम्तिमा ५० जना हुनुपर्ने ) |
| ११ | ५ (अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१, साधारण सदस्य संख्या कम्तिमा ५० जना बढि हुनुपर्ने ) |

(ख) जिल्ला कमिटिको कार्यकाल २ (दुई) वर्ष हुनेछ ।

महानगरका कमिटिहरू लाई जिल्ला कमिटि सरह मान्यता हुनेछ ।

**(४) जिल्ला कमिटिको काम कर्तव्य र अधिकारः**

(क) जिल्लाको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई जिल्ला अधिबेशनमा प्रस्तुत गर्ने ।

(ख) विधान बमोजिमको व्यवस्था पालना गरी राष्ट्रिय अधिबेशन, साधारण सभा, केन्द्रीय कमिटि, सम्बन्धित क्षेत्रीय वा उपत्यका समन्वय कमिटि तथा जिल्ला अधिबेशनको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने।

(ग) संगठनको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संगठनको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग तथा परिचालन गर्ने

(ङ) तोकिएका अन्य कार्यहरू गर्ने ।

**धारा १८  विशेष इकाई** कमिटि (क्याम्पस / निजामती / संस्थान / महानगर/ इकाई)

१) ५० जना भन्दा बढी साधारण सदस्यहरू भएको ठाउमा साधारण सदस्यहरू मध्येबाट बढीमा ११ सदस्यीय बिशेष इकाई कमिटि गठन गर्न सकिनेछ । बिषेश इकाई कमिटिमा देहाय बमोजिमका पदधिकारीहरू रहनेछन् ।

अध्यक्ष - १

उपाध्यक्ष - १

सचिव - १

सहसचिव - १

कोषाध्यक्ष - १

सदस्य - बढीमा ६ जना ।

नोटः- अन्यन्त्र जे लेखिए पनि कमिटी चय न गर्दा कम्तिमा ३३ % महिलाको सहभागिता गराईने छ ।

२) विशेष इकाई कमिटिको काम कर्तव्य र अधिकारः

(क) विशेष इकाई कमिटिले कार्य क्षेत्र भरिको काम गर्नेछ ।

(ख) केन्द्रीय र प्रदेश कमिटिको नीति निर्देशनलाई आफ्नो क्षेत्र भित्र लागु गर्ने र सांगठनिक सुद्बढीकरणका लागी अन्य आवश्यक कार्यहरू गर्न ।

(ग) विशेष इकाई कमिटिको पदावधि २ वर्षको हुनेछ ।

विशेष इकाई कमिटिहरू लाई जिल्ला कमिटि सरह मान्यता हुनेछ ।

**धारा १९ स्थानीय कमिटिः**

स्थानीय तहको कमिटि निर्माणको हकमा आवश्यकता परेमा एक स्थानीय तहमा एक भन्दा बढी कमिटि नरहने गरि गठन गर्न केन्द्रीय कमिटिले निर्णय गर्न सक्ने छ र केन्द्रीय कमिटिले निर्णय गरे पश्चात जिल्ला कमिटि निर्माणको मापदण्डलाई आधार मानि कमिटि निर्माण गर्न सकिनेछ । स्थानीय कमिटिहरू जिल्ला कमिटिको मातहतमा रही आवश्यक समन्वय गर्ने छ|

**धारा २० पद त्याग गर्नसक्नेः**

अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारी र सदस्यहरूले अध्यक्ष मार्फत सम्बन्धित कमिटिमा राजिनामा दिई पदत्याग गर्न सक्नेछ।

**धारा २१ सल्लाहकार समितिः**

(क) संगठनलाई सल्लाह र सुझाव प्रदान गर्न संगठनको सदस्यता प्राप्त इन्जिनियरिङ क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरू मध्येबाट केन्द्रीय कमिटिले एकजना संयोजक सहित सल्लाहकार कमिटिको गठन गर्न सक्नेछ ।

(ख) प्रदेश वा जिल्ला कमिटिहरूले स्थानीय स्तरमा संगठनको सदस्यता प्राप्त इन्जिनियरिङ क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरू मध्येबाट सल्लाहकार कमिटिको गठन गर्न सक्नेछन् ।

(ग) सल्लाहकार कमिटिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

**धारा २२ आयोगहरुको गठन**

संगठनलाई अनुशासित, आर्थिक, पारदर्शिता र निष्पक्ष परिचालन गर्न राष्ट्रीय अधिबेशनबाट अनुशासन आयोग, निर्वाचन आयोग, तथा आर्थिक आयोगहरु गठन हुनेछ। सबै आयोगहरुमा तपसिल पदहरु कायम गरिनेछ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिब | १ |
| सदस्यहरु | ६ |

आयोगहरुले ३ महिनामा कम्तिमा १ पटक अध्यक्षको निर्देशनमा सचिबले बैठक बोलाउनु पर्नेछ।

१) अनुशासन आयोग

संगठन भित्र आर्थिक सांगठनिक तथा नैतिक अनुशासन कायम गर्न केन्द्रिय कमिटिको समन्वयमा प्रशिक्षण तथा जनचेतनाको कार्यक्रमहरु संचालन गर्न सक्नेछ। साथै संगठन भित्र देखिएको बैचारिक बिचलन, आर्थिक तथा चारित्रिक अनुशासन सम्बन्धमा असन्तुष्ट जनाई कुनै पनि सदस्यहरुले दिएको उजुरि उपर अध्ययन तथा छानबिन गर्नेछ।

२) निर्वाचन आयोग

संगठन भित्रको केन्द्र, प्रदेश, जिल्ला तथा ईकाई कमिटीको अधिबेशनको समयमा सक्रिय सहभागि भई केन्द्रिय कमिटीको समन्वयमा स्वच्छ र निष्पक्ष ढंगबाट निर्वाचन कार्य सम्पन्न कार्यमा सक्रिय संलग्न हुनु पर्नेछ।

३) लेखा आयोग

संगठनमा भएको आर्थिक हिसाब किताब पारदर्शी राख्न तथा संगठनलाई आबश्यक परेमा आर्थिक श्रोत परिचालन सम्बन्धि क्रियाकलाप संचालन गर्न सक्नेछ। साथै केन्द्र, प्रदेश र जिल्ला कमिटिको आन्तरिक लेखापरिक्षण कार्यमा समन्वय, अनुगमन तथा निरिक्षण गर्न सक्नेछ।

## परिच्छेद - ७

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**धारा २२ पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

कमिटिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) अध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) संगठनलाई नेतृत्व प्रदान गर्ने र संगठनका उद्देश्यहरू कार्यान्वित गराउन गतिशीलता प्रदान गर्ने,

(ख) संगठनको प्रतिनिधित्व गर्ने र संगठनको तर्फवाट गरिने सम्झौता पत्रमा हस्ताक्षर गर्ने ।

(ग) केन्द्रीय कमिटि, पदाधिकारीको बैठक र बार्षिक अधिबेशनको अध्यक्षता गर्ने र उक्त बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) अधिबेशन तथा केन्द्रीय कमिटिको निर्णयहरू कार्यान्वयन गराउने ।

(ङ) संगठनको उद्देश्य पूर्तिको लागी सम्भाव्य कार्यक्रमहरूको एजेण्डा तयार गर्ने र अन्य पदाधिकारी तथा सदस्यहरूबाट प्रस्तावित एजेण्डाहरू समेतमा आवश्यकता अनुसार छलफल गरी सञ्चालन गर्ने ।

(च) आफू लगायत पदाधिकारीहरूको कामको जिम्मेवारी तथा भूमिकाहरू तय गर्ने र भएका कामहरूको अनुगमन गर्ने ।

(छ) आवश्यकता अनुसार बैठकहरू बोलाउन महासचिवलाई निर्देशन गर्ने ।

२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितमा निजको कार्य गर्ने ।

३) महासचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको निर्देशनअनुसार कमिटिको बैठक बोलाउने ।

(ख) संगठनको निरीक्षण तथा कमिटिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) संगठनको अधिबेशन तथा कमिटिका बैठकमा पेश भएका प्रस्तावहरू र सो प्रस्तावहरूमा भएका छलफल र निर्णयहरू लगायत संगठनको कागजात अभिलेख गर्ने र सुरक्षित राख्ने ।

(घ) संगठनको दैनिक कार्य तथा प्रबन्धको व्यवस्था गर्ने र पदाधिकारी कमिटिको निर्णयहरूआवश्यकता अनुसार सम्प्रेषण गर्ने ।

(ङ) संगठनको तर्फबाट पत्राचार गर्ने ।

(च) संगठनको निर्णयहरू प्रमाणित गर्ने ।

(छ) कमिटिको तर्फबाट संगठन को प्रतिवेदन तयार गर्ने ।

(ज) संगठनका सदस्यहरूको लगत राख्ने ।

(झ) तोकिएका अन्य कार्यहरू गर्ने ।

४) उप-महासचिवको काम, कर्तव्य र अधिकारः

क) महासचिवलाई सहयोग गर्ने ।

ख) महासचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) महासचिवको अनुपस्थितमा निजको कार्य गर्ने ।

५) सचिवको काम, कर्तव्य र अधिकारः

(क) महासचिव र उप-महासचिबको अनुपस्थितिमा महासचिवको काम कर्तव्य र अधिकारको भूमिका सम्पादन गर्ने ।

(ख) महासचिव तथा उप-महासचिब सँग सहकार्य गरी निजले प्रत्यायोजन गर्ने काम कर्तव्य र अधिकार सम्पादन गर्ने ।

६) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) संगठनको कोष तथा लेखा संबन्धि सम्पूर्ण दायित्व बहन गर्ने ।

(ख) संगठनको आय र ब्ययको हिसाब दुरुस्त राख्ने ।

(ग) संगठनको तफर्बाट शुल्क रकम जम्मा गर्ने ।

(घ) कमिटिको तर्फबाट अधिबेशनमा लेखा परीक्षण गरिएको प्रतिबेदन सहित आय र ब्ययको विबरण अधिबेशनमा पेश गर्ने ।

(ङ) संगठनको नियुक्त कर्मचारीहरूलाई तलब तथा पारिश्रमिक र अन्य भुक्तानी गर्ने ।

(च) तोकिएका जिम्मेवारी पूरा गर्ने ।

७) सदस्यहरूको काम, कर्तव्य र अधिकार

क) कमिटिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संगठनको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) केन्द्रीय कमिटिले तोकेको जिम्मेबारी पूरा गर्ने ।

## परिच्छेद-८
## आर्थिक व्यवस्था

**धारा २३ संगठनको कोषः**

(१) संगठनको केन्द्र, प्रदेश,जिल्ला र इकाईमा आ-आनो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू रहनेछन्

(क) सदस्यहरूबाट प्राप्त प्रवेश शुल्क, वार्षिक शुल्क र विशेष सहयोग वापत प्राप्त रकम यसरी प्राप्त भएको प्रवेश शुल्क र वार्षिक शुल्क रकममा केन्द्रमा ३० प्रतिशत, सम्बन्धित प्रदेशमा २० प्रतिशत रकम पठाई बाँकी रहेको ५० प्रतिशत रकम जिल्ला कमिटिले आफ्नो कोषमा राख्नेछ ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग) संगठनको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

(घ) संगठनको नाममा नेपाल सरकारबाट प्राप्त अनुदान तथा सहयोग रकम ।

(ङ) कमिटिले तोकेको अन्य शुल्कबाट संकलित रकम ।

(च) संगठनले उपलव्ध गराएको सेवा उपभोग गरे वापत प्राप्त हुने सेवा शुल्क ।

(छ) विदेशी संगठन, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संगठनबाट सहयोग वापत प्राप्त रकम केन्द्रीय कमिटिले मात्र प्राप्त गर्न सक्नेछ ।

(२) संगठनमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरि बैंक खाता संचालन गरिनेछ ।

**धारा २४ खाता सञ्चालनः**

केन्द्रीय कमिटिको बैंक खाता अध्यक्षरमहासचिव मध्ये एक र कोषाध्यक्षको अनिवार्य दस्तखतबाट संचालन हुनेछ । प्रदेश तथा जिल्ला कमिटिको हकमा अध्यक्ष, सचिव मध्ये एक र कोषाध्यक्षको अनिवार्य संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

**धारा २५ कोषको रकम खर्च गर्ने तरीकाः**

संगठनको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछ ।

क) संगठनको वार्षीक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिने छैन ।

ख) साधारण सभा तथा राष्ट्रिय अधिबेशनबाट पारित वजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले प्रस्तुत गर्नुपर्नेछ ।

**धारा २६ संगठनको लेखा आयोग र लेखा परीक्षणः**

(१) संगठनको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) संगठनको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

(३) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिर्क साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कमिटिबाट हुनेछ।

(४) लेखा आभिलेख र पारदर्शीताको लागि निम्न अनुसार लेखा आयोग (५ जना) गठन गर्नु पर्नेछ । लेखा आयोगले केन्द्रीय कमिटिको बार्षिक बजेट तथा खर्चको निरीक्षण सहित राय पेश गर्नेछ ।

अध्यक्ष - १

सचिव - १

सदस्य - ३

लेखा आयोगको अध्यक्ष सचिबालय सदस्य सरह रहने छन् भने सदस्यहरू केन्द्रीय सदस्य सरह रहने छन्

## परिच्छेद-९

## निर्वाचन,अविश्वासको प्रस्ताव,विधान संशोधन सम्बन्धी व्यवस्था

**धारा २७ निर्वाचन सम्बन्धी व्यवस्थाः**

१) केन्द्रीय कमिटिको निर्वाचन प्रयोजनको लागि निर्वाचन हुनुभन्दा ४५ दिन अगाडि उपलब्ध भएसम्म १ जना महिला सदस्य समेत रहने गरि बढिमा ५ जनाको एक निर्वाचन कमिटि सम्बन्धित कमिटिद्वारा गठन गरिनेछ।

२) कमिटिका सदस्यहरूको निर्वाचन अधिबेशनका प्रतिनिधिहरूबाट एक व्यक्ति एकमतका आधारमा लोकतान्त्रिक पद्धतिबाट हुनेछ।

३) निर्वाचनमा उम्मेदवारी प्रस्तुत गर्दा प्यानलको सूची प्रस्तुत गर्न पाईने छैन।

४) निर्वाचन कमिटिले प्रचलित कानूनको अधिनमा रहि निर्वाचन कार्य विधि आफै व्यवस्थित गर्न सक्नेछ । तर संगठनले निर्वाचन नियमावली बनाई लागू गरेमा सोही बमोजिम गर्नुपर्नेछ।

५) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन कमिटिले गरेको निर्णय अन्तिम हुनेछ।

६) कुनै पदमा एकमात्र उम्मेबारी परेमा निर्बिरोध निर्बाचित भएको मानिनेछ ।

७) निर्बाचन कमिटिका सदस्यहरू कुनैपनि पदमा उम्मेदबार हुनपाउने छैनन् ।

८) निर्बाचन कमिटिका सबै पदाधिकारीले राजिनामा दिएको अबस्थामा मात्र उक्त कमिटि बिघटन भएको मानिनेछ ।

९) निर्वाचन सम्पन्न भई अनुसुची ३ बमोजिमको सपथ ग्रहण पश्चात निर्वाचन कमिटिको स्वतह विघटन हुनेछ।

१०) एक व्यक्ति एक पदको अबधारणा लागु हुनेछ । कमिटिको पदाधिकारी वा सदस्य अन्य बैचारिक रुपमा समान धारणा भएका अन्य संगठनको पदाधिकारी रहन गएमा यस संगठनमा साधारण सदस्य बाट खारेज हुनेछ ।

**धारा २८ उम्मेदवार हुने योग्यताः**

केन्द्रीय कमिटिको उम्मेदवार हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(क) संगठनको साधारण सदस्य भएको कम्तिमा २ बर्ष हुनुपर्ने।

(ख) संगठनको क्रियाकलापमा निरन्तर क्रियाशील रहेको।

(ग) संगठनको सिद्धान्त र उद्देश्यप्रति प्रतिवद्ध रहेको।

(घ) केन्द्रीय कमिटिको पदाधिकारी, सद्स्य बन्नका लागि कम्तिमा एक कार्यकाल तल्लो कमिटिमा बसेर काम गरेको हुनुपर्नेछ।

(ङ) नेपाल इन्जिनियर्स एशिसिएसनको सदस्य भएको (जिल्ला कमिटि सदस्यहरुको हकमा NEA को साधारण सदस्यता लिएको भए पनि मान्य हुने तर जिल्ला कमिटिका पदाधिकारी , प्रदेश कमिटि सदस्य तथा पदाधिकारी एवं केन्द्रीय कमिटि सदस्य तथा पदाधिकारी उम्मेदवार हुनको लागि NEA को आजीवन सदस्यता लिएको हुनुपर्नेछ )

**धारा २९ खराव आचरणः**

देहाएको अवस्था विद्यमान भएमा खराव आचरण मानिनेछ ।

क) कमिटिले दिएको जिम्मेवारी पूरा नगरेमा ।

ख) संघको, उद्देश्य, कार्यक्रम र निर्देशन विपरीत कार्य गरेमा वा नेतृत्वको वर्खिलाप गरी हिडेमा ।

ग) समानान्तर संघ खोलेमा ।

घ) चरित्रहीन तथा नैतिकहीन कार्य गरेको ठहरेमा ।

ङ) संघको आर्थिक अनुशासन पालना नगरेमा, संघको सम्पत्ति हिनामिना, दुरुपयोग र भष्ट्राचार गरेमा।

च) गलत उद्देश्यले प्रेरित भई घुसपैठ गरेमा वा संगठन विरुद्ध गुप्त वा खुल्ला गतिविधि गरेको थाहा लागेमा ।

छ ) लगातार दुई पटक भन्दा बढी संगठनको वैठकमा अनुपस्थित भएमा ।

झ) संगठनले तोकेको आर्थिक दायित्व ३ महिना सम्म नबुझाएमा ।

**धारा ३० कारवाहीको प्रकृतिः**

धारा २९ बमोजिंमको खराव आचरण गरेमा देहाए वमोजिंमको कारवाही हुन सक्नेछ ।

क) धारा २९ को (क) र (ख) को खराव आचरण गरेमा प्रथम पटक भएमा–नसीहत, दोश्रो पटक भएमा धारा ३१ बमोजिंम अविश्वासको प्रस्ताव द्धारा निष्काशन गर्न सकिनेछ ।

ख) धारा २९ को (ग) देखि (झ) सम्मको खराव आचरण गरेमा धारा ३१ बमोजिंम कमिटिको पदाधिकारी तथा साधारण सदस्यहरूलाई अविश्वासको प्रस्तावद्धारा निष्काशन गर्न सकिनेछ ।

ग) सदस्यले आफनो दायित्व निर्वाह नगरेको र निजमाथि संघको सागंठनिक गोपनियता सम्वन्धी प्रश्न चिन्ह उठेमा केन्द्रीय कार्य समतिको निर्णय अनुसार कुनै पनि समय वर्खास्त गर्न सकिनेछ ।

**धारा ३१ अविश्वासको प्रस्तावः**

धारा ३० बमोजिंम अविश्वासको प्रस्तावद्धारा निष्कासन गर्नु परेमा देहाए वमोजिंमको प्रकृया पूरा गर्नु पर्ने छ ।

क) अविश्वास गर्नु पर्ने कुनै पनि पदाधिकारी वा सदस्य विरुद्ध सवन्धित कमिटिमा कारण सहितको प्रस्ताव कमिटिका कुनै पनि सदस्यले प्रस्तुत गर्न पर्नेछ ।

ख) उपधारा (क) बमोजिंम प्रस्तुत प्रस्ताव सम्वन्धमा सम्वन्धित सदस्यले जवाफ दिनु पर्नेछ ।

ग) उपधारा (ख) बमोजिंमको जवाफ सम्वन्धमा आवश्यक छलफल गरी अविश्वास गर्नु पर्ने नदेखिएमा सम्वन्धित कमिटिले प्रस्ताव खारेज गर्ने छ ।

घ) उपधारा (ग) बमोजिंम अविश्वासको प्रस्ताव खारेज नगरी सो सम्वन्धमा कमिटिको दुई तिहाइ बहुमतले सो प्रस्ताव समर्थन गरेमा सम्वन्धित सदस्य सम्वन्धित कमिटिबाट निष्काशित हुनेछन् ।

ङ) साधारण सदस्यताबाटै निष्कासन गर्नु पर्ने भएमा केन्द्रीय कमिटिको बहुमतले निर्णय गर्नुपर्ने छ ।

च) निर्वाचित भएको ६ महिना नपुग्दै वा प्रस्ताव विफल भएको ६ महिना नपुग्दै त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन।

**धारा ३२ विधान संशोधनः**

विधान संशोधन सम्बन्धी प्रस्ताव विधान अधिवेशन वा राष्ट्रिय अधिबेशनमा मात्र प्रस्तुत गर्नुपर्ने छ। उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरूले अनुमोदन गरेपछि मात्र विधानको कुनै धारा संशोधन,थप वा खारेज भएको मानिनेछ ।

**धारा ३३ नियम बनाउन सक्ने:**

संगठनले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियमावली बनाउन सक्नेछ र सो नियमावली केन्द्रीय कमिटिबाट पारित गराई लागू हुनेछ।

**धारा ३४ संगठन खारेजिः**

१) राष्ट्रिय अधिबेशनले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संगठन खारेज गर्नसक्नेछ।

२) कारणवश संगठन विघटन भै खारेज भएमा संगठनको दायित्व फरफारक गरि बाँकी रहेको संगठनको सम्पूर्ण जायजेथा नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

**धारा ३५ भंग हुनसक्नेः**

यस विधानको विपरित र संगठनको हित प्रतिकूल काम कारवाही गरेको प्रमाणित भएमा यस विधान बमोजिम गठित कुनै पनि मातहतका कमिटि केन्द्रीय कमिटिले भंग गर्नसक्नेछ।

**धारा ३६ व्याख्याः**

यो विधान र विधान अन्तरगत बनेको नियमावलीको व्याख्या गर्ने अधिकार केन्द्रीय कमिटिलाई हुनेछ।

**धारा ३७ आचरण पालना गर्नुपर्नेः**

यस संगठनका कुनैपनि पदाधिकारी वा सदस्यले संगठनको अहित हुने कार्य गर्नुहुँदैन । कमिटिका पदाधिकारी, सदस्य,साधारणसभाका सदस्य र अधिबेशनका प्रतिनिधिहरूले बैठक,साधारणसभा वा अधिबेशनमा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाइने छैन।

**धारा ३८ सपथः**

(क) निर्वाचन कमिटिका संयोजकबाट अध्यक्षलाई र अध्यक्षले अन्य पदाधिकारी र सदस्यलाई सपथ ग्रहण गराउनेछ।

(ख) सपथको ढाँचा अनुसुचि ३ मा तोकिए बमोजिम हुनेछ।

**धारा ३९**

(क) तदर्थ समितिः

केन्द्र, प्रदेश तथा जिल्ला कमिटिहरूको निर्वाचन नहुन्जेल सम्मका लागि बिध्यमान सम्बन्धित केन्द्र, प्रदेश तथा जिल्लामा रहेका कमिटिहरूलाई मानिने छ।

**धारा ४० सम्पत्ति**

हाल प्रस्तावनामा रहेका संगठनको नाममा रहेको चल अचल सम्पत्ति एवं माताहतमा रहेका कमिटिका सदस्यहरू स्वतः विधान अन्तर्गत “ प्रोग्रेसिभ इन्जिनियर्स एशोसिएसन नेपाल (पिन)”को रहेको मानिने छ ।

**धारा ४१ वाधा अड्काउ फुकाउः**

कुनै कारणले अधिबेशन हुन सकेन भने मौजुदा कमिटि आयोजक कमिटिमा बद्लिने छ र अधिबेशन नहुन्जेल कार्य गर्ने छ साथै छिटो अधिबेशन गराउन जिम्मेवार हुनेछ|

**विधान संसोधन कमिटि**

| | |
|---|---|
| १. ई .देउकाजी गुरुङ | उपाध्यक्ष |
| २. ई. टेकराज सुबेदी | उप महासचिव |
| ३ . ई. राजन थापा | सचिव |

अनुसूची १

धारा ५ र ६ संग सम्बन्धित

यस संगठनको चिन्ह

अनुसूची- २

धारा ११(१) संग सम्बन्धित सदस्यता आवेदन फारम

प्रोग्रेसिभ इन्जिनियर्स एशोसिएसन नेपाल

केन्द्रीय कमिटि, काठमाण्डौ ।

सदस्यता आवेदन फारम

म देहाय बमोजिमको विवरण संलग्न गरि यस संगठनको विधानको प्रस्तावना र उद्देश्यलाई स्वीकार गरि धारा ११ (१) बमोजिम साधारण /आजीवन सदस्यता प्राप्त गर्न इच्छुक भएकोले यो आवेदन गरेको छु ।

१.आवेदकको नाम, थर : .....................................................

२. वतन: क) स्थायी :–

जिल्ला.............................न.पा./गा.वि.स..................वडा नं..........

ख) अस्थाई :–

ग) कार्यालयको नाम र ठेगाना :–

घ) फोन नं : कार्यालय :......................... घर: ..................................

मोवाइल: ................................... इमेल.................................

४. लिंग .............................................................

५. जाति/समुदाय:..................................................

६. वर्ग................................................................

७. जन्म मिति : .......................................................

८. नागरिकता नम्बर..............................................

९. नागरिकता जारी गर्ने जिल्ला..................................

१०. बाबु नाम :– ......................... आमाको नाम :– ..............................

११. योग्यता : ..........................................................................................

१२.अनुभव: ..........................................................................................

१३. संलग्न कागजात: क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

१४. सिफारिस गर्नेको नाम र दस्तखत

आवेदकको नाम :–

दस्तखत :–

मिती :

अनुसूची -३

धारा ३८संग सम्वन्धित

शपथको व्यहोरा

म.............................. यो शपथ लिन्छु कि "प्रोग्रेसिभ इन्जिनियर्स एशोसिएसन नेपाल" को विधान अनुरुप .............................. पदमा निर्वाचित/मनोनित भएकोले सो पदको हैसियतले म मेरो ज्ञान विवेकले जाने बुझेसम्म ईमानका साथ संगठनको हित चिताई संगठनको विधानको प्रस्तावना र उद्देश्य एवं पेशागत मर्यादा प्रति पूर्ण प्रतिवद्ध रहि समाजिक रुपान्तरणका लागि समानता, स्वतन्त्रता र सामाजिक न्याय प्राप्तिको पक्षमा कुनै पक्षपात तथा द्वेष नराखी इमान्दारीतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नेछु ।

वीर शहिदहरु लाल सलाम!


वीर शहिदहरु अमर रहुन् !

पीन जिन्दाबाद!

| | |
|---|---|
| शपथ गराउनेको हस्ताक्षरः | शपथ ग्रहण गर्नेको हस्ताक्षरः |
| पदः | पदः |
| नामः | नामः |
| मितिः | मितिः |

अनुसूचि-४

धारा १३ बमोजिम संगठनात्मक ढाँचा



अनुसूचि – ५

विधानको परिच्छेद ७ को दफा २२.५ संग सम्वन्धित

उम्मेद्धवारी दरखास्त फारम

मितिः

श्री निर्वाचन कमिटि

प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपाल

केन्द्रीय /प्रादेशिक /इकाई अधिबेशन

विषयः ……………………………पदमा उम्मेद्धवारी पेश गरेको ।

महोदय,

प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन नेपालको आज भएको केन्द्रीय/प्रादेशिक/इकाई अधिबेशनमा……………………….. पदमा उम्मेद्धवारी पेश गरेको छु । म उक्त पदमा निवार्चित भएमा संगठनको उद्देश्य, नीति र कार्यक्रम अनुसार संगठन / ईन्जिनियरहरूको हितमा कार्य सम्पादन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

उम्मेद्धवारी पेश गर्नेको

नामः

मतदाता नामावली क्र.सं.

दस्तखतः

प्रस्तावक

नामः

मतदाता नामावली क्र.सं.

दस्तखतः

समर्थक

नामः

मतदाता नामावली क्र.सं.

दस्तखतः